जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १३० पृष्ठः ४ | २०८२ भदौ २४ गते मंगलबार (Tuesday 09 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जेनजीको प्रदर्शनमा २० जनाको मृत्यु, देशभर तीन सयभन्दा बढी घाइते



काठमाडौं,२३ भदौ । आज जेनजी' पुस्ताको नाममा भएको प्रदर्शनका क्रममा हालसम्म मुलुकभर १९ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालसम्म तीन सय ४७ जना घाइते भएको जनाएको छ । मन्त्रालयका अनुसार सिभिल अस्पतालमा उपचार गर्ने क्रममा तीन जनाको मृत्यु भएको छ भने एक सय जनाको उपचार भइरहेको छ । यस्तै वीर अस्पतालमा छ जनाको उपचार भइरहेको छा राष्ट्रिय ट्रमा सेन्टरमा ५९ जना उपचाररत छन् भने उपचारका क्रममा आठ जनाको मृत्यु भएको छ । यसैगरी बानेश्वरस्थित एभरेष्ट अस्पतालमा एक सय दुई जना घाइतेको उपचार भइरहेको र तीन जनाको मृत्यु भइसकेको जानकारी प्रपात् भएको मन्त्रालयले जनाएको छ । आठ जनालाई अन्यत्र रेफर गरिएको छ । यस्तै, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार जनाको उपचार भइरहेको छ। काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा ३७ जनाको उपचार भइरहेको छभने उपचाररत दुई जनाको मृत्यु भएको

**-बाँकी तीन पेजमा**

## गृहमन्त्री लेखकले दिए राजीनामा



काठमाडौँ, २३ भदौ । गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका छन् । उनले सोमबार जेनजीको गरेको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर १९ जनाको मृत्यु भएपछि नैतिक जिम्मेवारी लिँदै राजीनामा दिएका हुन् । सोमबार साँझ बसेको कांग्रेसको बैठकपछि बालुवाटार मन्त्रिपरिषदमा लेखकले राजीनामा बुझाएका हुन् ।

## करेन्ट लागेर वडाध्यक्षको मृत्यु

**प्रवीणकुमार शर्मा**

जनकपुर, २३ भदौ । रौतहटको बौधीमाइ नगरपालिका-६ का वडाध्यक्ष गगनदेव राय यादवको मृत्यु भएको छ । आइतबार साँझ करिब ७:१५ बजे करेन्ट लागेर घाइते हुनुभएका यादवको उपचारको क्रममा ८:१५ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बौधीमाई नगरपालिका-६ बस्ने जगदीश राय यादवको खेतमा जाने क्रममा ११ हजार भोल्ट भएको तार चुडिएर भुइँमा रहेको अवस्थामा करेन्ट लागेर वडाध्यक्ष यादव घाइते हुनुभएको थियो ।

घाइते यादवको घोराहीमाई

**-बाँकी तीन पेजमा**

## मधेश प्रदेशका ३९ स्थानीय तहले पेस गरेन बजेट

**धीरेन्द्रप्रसाद साह**

जनकपुर, २३ भदौ । चालु आर्थिक वर्षको दुई महिना बित्न लागेको छ । तर मधेश प्रदेशका ३९ पालिकाले अहिलेसम्म चालु आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट ल्याउन सकेको छैन । चालु वर्षका लागि गत आर्थिक वर्ष २०८१/०८२ को असार १० गतेभित्र नै बजेट ल्याउनु पर्ने कानुनी प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले अगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नु पर्ने छ । सोही दफाको उपदफा ६ मा पेस भएको बजेट असार मसान्तभित्र सभाले पारित गरिसक्नु पर्ने उल्लेख छ । तर मधेश प्रदेशभित्रका ३९ पालिकाहरूमा जनप्रतिनिधिहरू बिचको आन्तरिक विवाद तथा समस्याका कारण अहिलेसम्म बजेट ल्याउन नसकेको हो । मधेश प्रदेशमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ पालिका छन । तीमध्ये ९७ वटा पालिकाले बजेट ल्याएसकिएको छ भने एक उपमहानगरपालिका, १८ नगरपालिका र २० गाउँपालिकाले अहिलेसम्म बजेट ल्याउन सकेको छैन । अर्थात् ७१.३२ प्रतिशत पालिकाले बजेट पेस गरेका छन् भने २८.६७ प्रतिशत पालिकाले बजेट पेस गरेका छैन । सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा स्थानीय तह (पालिका) ले प्रविष्ट गरेको विवरण अनुसार सबभन्दा बढी धनुषाका स्थानीय तहले बजेट पेस गरेको देखिएन । यस जिल्लामा १८ स्थानीय तहमध्ये जनकपुरधाममा उपमहानगरपालिकासहित १० स्थानीय तहले बजेट पेस गरिएको छैन । सबभन्दा बढी महोत्तरीका स्थानीय तहहरूले बजेट पेस गरेको छ । यहाँ १५ वटा पालिकामध्ये एउटा सोनमा गाउँपालिकाले मात्रै बजेट ल्याएको छैन । त्यस्तै सप्तरीमा १८ स्थानीय तहमध्ये छ वटाले बजेट पेस नगरेको सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । मन्त्रालयको पोर्टलमार्फत

**-बाँकी चार पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु-याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु-याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु-याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पु-याउँछ

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## प्राथमिकतामा राजमार्ग

सडक पूर्वाधार नै विकासको जीवनरेखा हो । सडकबिना विकास सम्भव हुँदैन । सडक राजनीति हो, अर्थतन्त्र हो, कूटनीति पनि हो । समाजको अभिन्न अङ्क हो, संस्कृति हो । अनि विकासको पूर्वाधार पनि । सडक सञ्जालको व्यापकताले दुरी छोट्याउने मात्र नभई गाउँको उत्पादनलाई सहरसम्म पुऱ्याउँछ, थातथालो छोड्नेको सख्यामा कमी आउँछ । सडकले गाउँ र सहरलाई जोड्छ । विकासको असन्तुलन घटाई सन्तुलनमा ल्याउँछ । सडक सञ्जालले नुन, तेल, खाद्यान्न तथा अन्य आवश्यक वस्तुको सहज उपलब्धता दिलाउँछ । त्यही भएर वर्तमान सरकारले सडक पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखेको छ ।

सडक पूर्वाधारमार्फत कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्य राखिएको छ । अहिले सघीय सरकारले एकै पटक २१ वटा राजमार्ग निर्माण गरिरहेको छ । मुलुकको पूर्वबाट पश्चिम र उत्तरबाट दक्षिण सिमाना छिचोल्ने गरी राजमार्ग निर्माण भइरहेका छन् । तीमध्ये सडक विभाग अन्तर्गत २० वटा र नेपाली सेनाको व्यवस्थापनमा काठमाडौं/तराई–मधेश द्रुतमार्ग निर्माण भइरहेको छ । पहाडमा चार घण्टा र तराईमा दुई घण्टाको पैदल दुरीमा पक्की सडक सुविधा पुऱ्याउने दीर्घकालीन सडक गुरुयोजना अनुसार राजमार्ग निर्माण भइरहेका हुन् । राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरी पूर्वपश्चिम जोड्ने तीन वटा र उत्तर दक्षिण सिमाना जोड्ने दुई राजमार्ग निर्माणाधीन छन् ।

मध्यपहाडी जिल्लालाई जोड्ने पुष्पलाल राजमार्ग (मध्यपहाडी लोकमार्ग) को काम अन्तिम चरणमा पुगेको छ । मुलुकलाई पूर्वपश्चिम जोड्ने पूर्वपश्चिम राजमार्ग र हुलाकी राजमार्गपछिको यो तेस्रो राजमार्ग हो । एक हजार ८७९ किलोमिटर कुल लम्बाइ रहेको यो राजमार्गको निर्माण आव २०६४/६५ देखि योजनाबद्ध रूपमा सुरु गरिएको हो । मुलुकको पूर्वबाट पश्चिमी सिमाना छिचोल्ने यस राजमार्गको निर्माण आव २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य छ । त्यस्तै तराई–मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको हुलाकी राजमार्गको काम अब करिब एक तिहाइ मात्र बाँकी छ ।

तराईका २० वटै जिल्ला हुँदै निर्माण भइरहेको यस राजमार्गले त्यस क्षेत्रका ७५ प्रतिशत गाउँबस्तीलाई सडक सञ्जालसँग जोडी मुलुकको झन्डै आधा जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुऱ्याउने विश्वास गरिएको छ । मुलुकको पूर्वपश्चिम जोड्ने चौथो राजमार्गका रूपमा निर्माणाधीन मदन भण्डारी राजमार्ग २०७५ जेठ ८ गते नेपाल सरकारले स्वीकृत गरेको थियो । एक हजार २५० किलोमिटर यो राजमार्ग नेपालको पूर्वी सीमा (मेची नदी) देखि चुरे भावर तथा भित्री मधेश छिचोल्दै पश्चिमी सीमा (महाकाली नदी) सम्म पुग्छ । यो राजमार्ग झापा बाहुनडाँगीबाट सुरु भई चुलाचुली, धरान, गाईघाट, सप्तरी, सिन्धुलीमादी, हेटौँडा, गैँडाकोट, रामपुर, तम्घास, सिमलटारी, प्युठानको मच्छी, घोराही, सुर्खेत, सहजपुर, जोगबुडा हुँदै रुपालसम्म पुग्ने छ । त्यस्तै १४२ किलोमिटरको उत्तर–दक्षिण राजमार्ग अन्तर्गत कोशी कोरिडोरको निर्माण जारी छ । त्यसै गरी उत्तर–दक्षिण राजमार्ग अन्तर्गतकै कालीगण्डकी कोरिडोरको काम अब करिब एक चौथाइ मात्र बाँकी छ ।

यस कोरिडोरको कुल लम्बाइ ४९५ किलोमिटर छ । राष्ट्रिय गौरवका आयोजनामध्येको एक यो कोरिडोर निर्माणपछि १० जिल्लाका करिब १० लाख जनताले सिधा पहुँच पाउने छन् । यो कोरिडोर अन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, राम्दीघाट, रानीघाट, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदरकुण्ड जस्ता महत्वपूर्ण तीर्थस्थल र १४८ वटा घाट छन् । कोरलाबाट २५७ किलोमिटर पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि समेत उत्तम मानिएको छ । त्यस्तै मुलुककै पुरानो सडक आयोजनाका रूपमा कान्ति लोकपथ रहेको छ । सघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौँडा जोड्ने छोटो सडकका रूपमा रहेको यो राजमार्गको कुल लम्बाइ ७९ किलोमिटर छ जसमध्ये मकवानपुरतर्फ ५१ किलोमिटर र बाँकी ललितपुरमा पर्छ ।

त्यस्तै गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी सडक आयोजना, महाकाली कोरिडोर अन्तर्गत ब्रह्मदेव–झुलाघाट–दार्चुला–टिङ्कर सडक, डुम्रेबेँसीसहर–चामे–मनाङ सडक, सगरमाथा राजमार्ग (गाईघाट–दिक्तेल खण्ड), मिर्चैया–कटारी– घुर्मी सडक, सेती राजमार्ग अन्तर्गत टीकापुर–लोडे–चैनपुर–ताक्लाकोट सडक, गोरखा सडक योजना, ककहवा–रुद्रपुर–सालझन्डी–सन्धिखर्क–ढोरपाटनलगायतका सडक निर्माण भइरहेका छन् ।

# विकासको स्थानीय परिभाषा

**विपुल पोखरेल**

अहिलेको समस्या विकासको स्थानीय परिभाषा बन्न नसक्नु र विदेशमा देखिएका अग्ला घर र चाक्ला बाटोलाई नै विकासको विम्ब ठान्ने मनोविज्ञान बन्दै जानु हो ।



विपुल पोखरेल



विकास भनेको के हो ? यो प्रश्न कसैलाई सोधियो भने प्रायजसोको मस्तिष्कमा विदेशका जस्ता ठुलठुला घर र चाक्ला सडक मस्तिष्कमा आउँछ । अविकसित देश भनेर पाठ्यक्रममै पढाइयो अनि एउटा पुस्ता विदेश गयो । फर्केर आएर अर्को पुस्तासँग उनीहरूले विकासका कुरा गर्दा विदेशमा रहँदा झट्ट देखिएका अग्ला घर र चौडा सडकको कुरा गरे । नयाँ पुस्ताको मस्तिष्कमा विकासको अर्थ त्यसै गरी बस्यो ।

हाम्रो जस्तो देशमा पनि विकास भनेको अग्ला घर र चाक्ला सडकको उपस्थिति हो त ? विकासको परिभाषामा नेपालमा व्यवस्थित बहस नै हुन सकेको छैन । जनताली सर्वोपरि ठानेर उनीहरूको आवश्यकता पहिचान, योजना निर्माण र त्यसबाट उनीहरू कति लाभान्वित हुन सक्छन् भन्ने विवेचना । यी तीन विषयको निरन्तरताले नै हाम्रो विकासलाई सम्बोधन गर्न सक्छ । व्यवस्थित रूपमा विकासको परिभाषा खोज्ने र कार्यान्वयनमा जान नसक्दा हामीले समस्या भोग्दै आएका छौं । सघीयतामा गएपछि देशमा तीन तहका सरकार छन् । ती सरकारले आफ्नो परिधिमा रहेर विकासको परिभाषा खोज्नुपर्ने हो । स्थानीय तहले त स्थानीय परिभाषा नै खोज्ने हो । अहिलेको समस्या विकासको स्थानीय परिभाषा बन्न नसक्नु र विदेशमा देखिएका अग्ला घर र चाक्ला बाटोलाई नै विकासको विम्ब ठान्ने मनोविज्ञान बन्दै जानु हो ।

२०३७ सालमा विश्वविद्यालयका विद्यार्थीबिच एउटा प्रवचनका क्रममा बिपी कोइरालाले भन्नुभएको थियो, "विकास भनेको केही ठुला घरहरू, होटलहरू, ठुला सडक, मोटरगाडी, हवाईजहाज र अझ केही औद्योगिक उत्पादन वृद्धिका तथ्याङ्क पनि होइनन् । विकास भनेको के हो ? भन्ने प्रश्नका साथै विकास कसका लागि हो भन्ने प्रश्नसमेत सोचेर मात्र विकासलाई परिभाषित गर्न सकिन्छ ।"

आधुनिक नेपालको इतिहासमा विकासको अर्थलाई व्याख्या गरिएको बिपीकै यिनै धारणा मात्र पाइन्छन् । त्यसपछि विकासलाई हाम्रो आफ्नै धरातलसँग जोडेर परिभाषित गरिएकै छैन । विकासको परिभाषा निर्माण नगरी योजना बन्दा ती योजनाको हालत कस्तो होला भन्ने सहज अनुमान लगाउन सकिन्छ । २०४६ को परिवर्तनपछि उदार अर्थनीति र पूर्वाधार विकासलाई प्राथमिकता त दिइयो, त्यसलाई अहिलेका बजेटले समेत पछ्याइरहेका छन् । त्यो उदार अर्थनीति र पूर्वाधार निर्माणको लक्ष्य के हो ? भन्नेमा पनि प्रस्ट दृष्टिकोण छैन । पूर्वाधारको बाक्लो उपस्थितिले कनेक्टिभिटीलाई योगदान दिने हो, उत्पादन प्रक्रियालाई सहज बनाइदिने हो । त्यसपछि उत्पादन, त्यसको न्यायोचित वितरणसहित उच्च नैतिक आचरणसहितको सामाजिक न्याय र मानवीय मूल्ययुक्त उच्चतम नवीन सभ्यता निर्माणको दिशा पकड्नु हो । यो नै प्रजातान्त्रिक समाजवाद उन्मुख परिवेश हुने छ । सिद्धान्त, त्यसको जगमा विकासको परिभाषा निर्माण अनि त्यसको कार्यान्वयनको दिशामा गतिशीलताको पक्षलाई अझै पनि संस्थागत गर्न नसक्दा देशले समस्या झेल्दै आएको हो ।

बिपीलाई लाग्थ्यो विकास भनेको संरचनाका अग्ला स्तम्भ मात्र होइनन् । त्यसले भुइँमान्छेलाई कसरी र कहाँ जोडेको छ अर्थात् उनीहरूको जीवनमा के परिवर्तन आयो ? त्यसको परिणाम नै विकास हो, न कि बिपीकै भाषामा भुइँफुट्टा वर्गको स्वार्थः अर्थात् उसको फाइदाका लागि तयार गरिएका संरचना विकासका विम्ब हुन् ।

सघीयतामा गएपछि अब वडाहरूले विकासको आफ्नै ढङ्गले परिभाषा खोज्न सक्नु पर्छ । आत्मविश्वासका साथ स्थानीय तहले विकासको स्थानीय परिभाषा खोज्ने सामर्थ्य राख्नु पर्छ । अग्ला घर र चाक्ला बाटा मात्र विकासका विम्ब हुन् कि होइनन् ? यो मनोविज्ञानमाथि प्रश्न गर्दै नयाँ ढङ्गले सोच्ने वातावरण स्थानीय तहले नै बनाइदिन सक्छन् । हाम्रो देशको भौगोलिक संरचनाको तल्लो एकाइ वडा हुन् । ती वडाको नाम अङ्कमा अर्थात् १, २, ३ भनेर राखिएका छन् । स्थानीय विकासको परिभाषा निर्माण गरेर ती नाम अङ्कमा नराखी उत्पादन वा विशेष पहिचानसँग जोडेर राख्ने नीति मात्रै बनाउने र त्यसको आधारमा योजना बनाउने हो भने मात्र पनि प्रत्यक्ष परिणाम देखिने छ । कुनै वडाको वस्तुस्थितिको गहन अध्ययन गरेर त्यहाँ माछा उत्पादन राम्रो हुने देखियो भने त्यसलाई माछा वडा भनेर घोषणा गर्ने अनि लगानीको सहज वातावरण बनाउने । एवंरीतले फरक पहिचान र नाम दिन सकिन्छ । स्थानीय तहका जनप्रतिनिधिले (अझ वडाका) काम पाइरहेका छैनन् भन्ने गुनासो छ । कति जनप्रतिनिधि त विदेश पुगेका छन् भने कतिले जागिरको तयारी गरिरहेका छन् । उनीहरूलाई काम दिने र विकासको प्रक्रियाका योद्धाः बनाउने क्षमता पनि संविधानले अधिकार संरक्षित गरिदिएको स्थानीय तहले राख्छ ।

आज हामी विदेशका चिल्ला सडकसँग हाम्रा हिलाम्मे सडकलाई तुलना गरिरहेका छौं । विदेशका गगनचुम्बी महलका अगाडि हाम्रा झुपडीपट्टिलाई टाँगेर हाम्रो विकासको खिल्ली उडाइरहेका छौं । नीति निर्माण तहमा भएकाले मात्रै डोजरः चलाइरहेका छौं । त्यसको सही वा गलत प्रयोगबारे हामीले कहिल्यै विमर्श गरेका छैनौं । त्यसको परिणाम अनि उत्पादनले जनताको जीवनमा के साँच्चिकै परिवर्तन ल्यायो त भन्नेबारे हामीले कहिल्यै विचार गरेका छैनौं । त्यो युग कस्तो थियो ? बिपीले बाँचेको समय कस्तो थियो ? उहाँले गर्नुभएको परिकल्पना वा विकासबारे दिनुभएको दृष्टिकोण आज मात्रै होइन नेपालको सन्दर्भमा अझ कैयौं पुस्ताले बाँच्ने भविष्यसँग पनि जोडिएको छ । हामी यो भएन वा त्यो भएन भन्ने नाममा नेपालमा केही पनि हुँदैन, भएकै छैन वा हुनै सक्दैन जस्ता भाष्य निर्माण गरेर नेगेटिभिटीः मात्र फैलाइरहेका छौं । यसबाट देश बन्दै बन्दैनः भन्ने मात्र नकारात्मक पर्दा लगाएर हामीले हाम्रो पुस्ताको कलिलो मस्तिष्कभित्र उसका उज्याला भविष्यका किरण छेकिरहेका छौं ।

बिपीले के भन्नुभएको छ भने, "के नेपाल भनेको यहाँका चार–पाँच वटा सहर हो ? कि नेपाल भनेको गाउँ हो ? हामीले विकासका कुरा गर्दा विकासले त्यो ग्रामीण परिवारलाई के गऱ्यो भन्ने प्रश्नको जवाफ दिन सक्नु पर्छ । ठुलो सडक बन्छ भने सडक त मोटरगाडी जोसित छ, उसैले उपयोग गर्छ । जेट प्लेन गाउँलेले चढ्दैन, बिजुलीको प्रचुर प्रयोग गर्दैनन् । त्यस कारण मैले प्रधानमन्त्री छँदा योजना आयोगको मिटिङलाई भनेको थिएँ, "तपाईंहरू भित्तामा राजाको तस्बिरसँगै नेपालको गरिब गाउँले किसान आफ्नो झुपडी अगाडि उभिरहेको चित्र पनि राख्नोस् र त्यसको अनुहार हेरेर योजना बनाउनोस् र सोध्नोस्– यस योजनाले त्यो झुपडीमा बस्ने किसानलाई के लाभ दिन सक्छ ?" विकासको परिभाषा समग्रतामा हुनु पर्छ भन्ने सन्देश बिपीको त्यो अभिव्यक्तिले दिन्छ । पहुँचको आधारमा योजना दिने, आवश्यकता तर्फ आँखा चिम्लने अनि मन्त्री भएकाहरूले आफ्नो निर्वाचन क्षेत्रलाई भोट बैङ्कः बनाउन पैसा हाल्ने प्रतिस्पर्धा गर्ने यी तीन प्रवृत्तिले हामीलाई अलमलमा पारेको छ । विकासलाई स्थानीय परिवेशमा परिभाषित गर्न नसकेकै कारण यी प्रवृत्ति मौलाएका हुन् । विकास भनेको हामीले मात्र बाटो बनाउनुलाई ठान्यौं, अनि पहाड खोतल्न थाल्यौं । बाटाघाटाले मात्र विकासको आयातन नाप्छ भन्ने एउटा मिथक परिभाषालाई उतार्न हामीले मात्र डोजरे विकासः लाई प्राथमिकतामा राख्यौं । त्यसबाट कसले के पायो ?

आज छुट्याइएका बजेटका आधा हिस्सा फेरि हामीले जबर्जस्ती जमिन उधिनेर बनाएका बाटो मर्मतमा खर्च भइरहेको छ । यसरी मात्र हेऱ्यौं भने राष्ट्रिय सडक सञ्जालसँग नजोडिएका आज कुनै पनि जिल्ला बाँकी छैनन् । मूल बाटासँग नगाँसिएका कुनै पनि बस्ती छैनन् । त्यसको उपादेयता के ? त्यसको प्रतिफल के ? ती बाटा भएपछि हामीले हाम्रा गाउँघर, खेतबारी अनि करेसामा फलेका चिजवस्तु सहरसम्म पुऱ्याउन सक्नुपर्थ्यो ।

विडम्बना, गाउँबस्ती पुग्ने मोटरगाडी वा अरू सवारीसाधनले सहर फर्किंदा मात्र मानिसका हुल ल्याउँछन्, गाउँघर, खेतबारीमा हामीले उत्पादन गर्ने सागसब्जी सकिएका छन् । हामीले ती मोटरगाडीमा सहरका उत्पादन गाउँ पुऱ्याएर गाउँले उत्पादनलाई विस्थापित गर्दैछौं । अर्थात् बाटो बन्यो भने त्यो कनेक्टिभिटीका लागि हुने गरी बनाउने हो, यहाँ त पुँजीपतिका उत्पादनलाई गाउँ पुऱ्याउने मार्ग मात्र बने बाटा । गरिबलाई विकास र उत्पादनसँग जोड्ने कनेक्टिभिटीका लागि चाहिएको हो हाम्रो जस्तो देशमा हुने ठुला लगानीले बन्ने बाटा ।

हामीले विकासलाई स्थानीय परिभाषासँग जोड्न सक्नु पर्छ । यो खालको परिभाषाबिना योजना बनाउन थाल्यौं भने साँच्चिकै त्यो धरातलभन्दा धेरै नै माथि जान्छ र त्यसले वास्तविक जनता ( उपभोक्ता) लाई छुनै सक्दैन । आज गाउँ किन रित्तिइरहेका छन् ? सहर किन भरिइरहेका छन् ? किन बाँझा खेतबारीमा पक्की घर बसाएर हामीले सहरका दालमोठ र चाउचाउमा जीवन काटिरहेका छौं ? के यो नै नेपालका लागि विकासको मोडल हो ? संसारमा विकसित भइरहेका प्रविधिलाई हामीले हाम्रो जीवनशैली वा हाम्रा स्थानीय उत्पादनमा वृद्धि, त्यसको बजारीकरण र व्यवसायीकरणसँग कत्तिको जोड्न सकेका छौं ?

एकातिर हामीले राष्ट्रिय गौरवको आयोजनाः को कुरा गर्छौं, अर्कोतिर त्यसको विरोध पनि गर्छौं अनि एउटा रुखः ले त्यो गौरवको योजना सम्पन्न गर्न सक्दैनौं । कैयौं त्यस्ता नीति नियम वा हाम्रा प्रणालीले

–बाँकी तीन पेजमा

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, लहान (सिरहा)

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.सिरहा असनपुर वडा नं. ४ हाल गोलबजार न.पा.–५ बस्ने जवान सिंह थापाको नाती मेहरमान थापाको छोरा गणेश बहादुर थापाको नाममा तपसिलको जग्गाको सर्वे नाप नक्सा भई फिल्डबुक तयार भएको र हाल उक्त जग्गा छुट दर्ता गर्न सम्म छुट भएकोले सो छुट जग्गा जि. सिरहा असनपुर वडा नं. ४ हाल गोलबजार न.पा. ४ बस्ने बैकुण्ठ बहादुर थापा क्षेत्री, बासुदेव थापा क्षेत्री रतन कुमारी कट्वाल हरेराम थापा क्षेत्री कुमार थापा क्षेत्री ईश्वर कुनार थापा क्षेत्रीय प्रदिप कुमार थापा क्षेत्री समेत ७ ले छुट जग्ग दाता दर्ता गरी नामसारी गरी पाउँ भनी माग भएको यस कार्यालयको द.नं. ९७४५, मि.नं २ मिति २०८०।११।०९ माग निवेदन बमोजिम कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग, हकभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी पर्ती वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको नाग बमोजिम जग्ग दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिनभित्र स–प्रमाण सहित यस कार्यालयमा हक दावी वा उजुरी वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको  छ। म्यादभित्र हकदावी उजुरी नपरेमा कानुन बमोजिम भई जाने व्यहोरा अनुरोध छ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियतको महल |
|---|---|---|---|---|---|
| सिरहा | लालपुर | ५ख | १४ | ०–७–० | यो जग्गा मेरो बाबु गणेश बहादुरको नम्बरी हो। निज मर्दा दाजु पधम बहादुर बासुदेव समेतको हकमा सही गेने दाजु बैकुण्ठ क्षेत्री। |

कार्यालय प्रमुख

# शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/२३**

राष्ट्रिय कृषक समूह महासंघ नेपालले केएर नेपालसँगको साझेदारीमा सिरहा जिल्लाको सखुवानन्कारकट्टी, लक्ष्मीपुर पतारी गा.पा र सप्तरी जिल्लाको रुपनी गा.पा. तिलाठी काईलारी गा.पा. र हनुमाननगर कंकालिनी नगरपालिका संगको सहकार्यमा सुख्खा तथा खडेरी प्रतिकार्य कार्यक्रम सञ्चालन गरिरहेको छ। उल्लेखित परियोजना अन्तर्गत तपसिल अनुसारका खाध्या सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर वा मूल्य अभिवृद्धि करमा दर्ता नगरी सञ्चालन गर्न पाउने भनी कानूनले तोकिदिएको हकमा प्यानमा दर्ता भएका उल्लेखित सामग्री आपूर्ति गर्न इच्छुक अधिकृत विक्रेता, आपूर्तिकर्ता तथा बितरकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्र कार्यालयमा उपस्थित भई सम्बन्धीत फर्मको लेटर प्यडमा दरभाउ तथा शर्तहरु उल्लेख गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन वा ईमेल ठेगाना nfgfmadeshpradesh2075@gmail.com मार्फत आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**आपूर्ति गरिने खाध्यान्न सामग्रीहरुको विवरणः**

| क्र.सं. | सामग्री | इकाई | जात/विशिष्टता | प्रति ईकाई मूल्य रु. अंकमा | प्रति ईकाई मुल्य रु अक्षरमा |
|---|---|---|---|---|---|
| १ | मन्सुली चामल हाफ बोईल | प्रति बोरा | २५ के.जी. को बोरा | | |
| २ | मन्सुली चामल अरुवा | प्रति बोरा | २५ के.जी. को बोरा | | |
| ३ | दाल (रहर, मुसरो, मुङ्ग, चना) | प्रति के.जी. | सफा दाल (रहर, मुसरो, चानाको छुट्टा छुट्टै दर भाउ पेश गर्नु पर्नेछ) | | |
| ४ | तोरी,वा सरसोको खाने तेल | प्रति लिटर | १ लि. को बोतल वा पाउच | | |
| ५ | आयोडिन नुन | प्रति के.जी. | १ के.जी.को प्याकेट | | |
| ६ | साबुन १०० ग्राम | प्रति गोटा | हात धुने | | |
| ७ | टुथ पेस्ट २०० ग्राम | प्रति गोटा | | | |
| ८ | गहुँ को पिठो | प्रति पा् | ५ के.जी को प्याकेट | | |
| ९ | हरियो मटर दाना | प्रति के.जी. | सफा दाना | | |
| १०. | कुखुराको अण्डा | क्यारेट | ठूलो साईज | | |
| ११ | ध्यू | प्रति वटटा | ५०० ग्रामको वटटा | | |
| १२ | चना दाना (गोटा) | प्रति के.जी. | सफा | | |

**तपशिल**

१. माथि उल्लेखित सामग्रीहरु आवश्यकता अनुसार छनौट गरी  भौचर प्रणली मार्फत उपभोक्ताको छनोटको आधारमा खरिद गरिनेछ । साथै स्थानीय समुदायले बढी खरिद गर्ने गुणस्तरिय सामग्रीलाई उच्च प्राथमिकता दिईनेछ । उक्त सामाग्रीहरु माथि उल्लेखित पालिकाहरु भित्र छनौट भएका लाभग्राहिहरुलाई स्थानिय स्तरमा ढुवानी गरी माग बमोजिमका सामाग्रीहरु उपलब्ध गराउनुपर्ने छ ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरी मात्र रकम भुक्तानी गरिने छ ।
३. बोलपत्र पेश गर्दा फर्म दर्ता प्रमाण–पत्रको प्रतिलिपि १ थान, फर्म भ्याट वा प्यानमा दर्ता भएको प्रमाण–पत्रको प्रतिलिपि १ थान, गत आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि १ थान  व्यवसायीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ थान, बैक खाता नं., सम्पर्क नं., ईमेल ठेगाना संलग्न गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्रको खाम बाहिर बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ । माथि उल्लेखित सामग्रीहरु मध्ये सम्बन्धित आपूर्तीकर्ताले उपलब्ध गराउन सक्ने सामग्रीहरुको मात्र दर भाउ उल्लेख गर्नु पर्ने छ ।
४. बोलपत्र फाराममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
५. बोलपत्र फाराम खाम बन्द गरी लाहाछापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
६. पेश गरिएका बोलपत्रहरु मिति २०८२ साल भदौ २५ गते ४ बजे संस्थाका प्रतिनिधीहरु र बोलपत्र दाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यालयमा खोलिनेछ । तोकिएको दिनमा बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । तर सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ ।
७. म्याद नाघी वा रित नपूगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
८. थप जानकारी आवश्यक परेमा तल उल्लेखित फोन नम्बरमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
९. फाराम बुझाउने अन्तिम मिति २०८२/०५/२५ गते दिउँसो ३ : ०० बजेसम्म हुनेछ ।
१०. अन्य शर्तनामाहरु राष्ट्रिय कृषक समूह महासंघ नेपालको सामग्री खरिद नीति नियमावली र  नेपाल सरकारको प्रचलीत कानून बमोजिम हुनेछ । सर्वाधिकार राष्ट्रिय कृषक समूह महासंघ नेपाल नीहित रहेको छ ।

**बोलपत्र प्राप्त गर्ने, पेश गर्ने र खोलिने ठेगानाः** राष्ट्रिय कृषक समूह महासंघ नेपाल, मधेश प्रदेश कार्यालय
लहान न.पा. वडा नं.–१, सिरहा–(बालाजु पेट्रोल पम्प भन्दा उत्तर पट्टीको गल्ली बाट १०० मि भित्र ।)
फोन न. ०३३–५६४०७३

## विकासको स्थानीय...

फेरि त्यसलाई छेकिदिन्छन् । त्यो भनेको के हो भने हामीलाई साँच्चिकै चाहिएको के हो ? त्यसमा हामी प्रस्ट छैनौँ अनि हामी के गरिरहेका छौँ भन्नेमै अलमलिएका छौँ । नत्र हामीले भनेका राष्ट्रिय गौरवऋ का आयोजनाको यो हबिगत हुने थिएन ।

पञ्चवर्षीय योजनाऋ को यो हाल हुने थिएन । त्यसमा न राष्ट्रकै प्राथमिकता रह्यो न त जनताले नै त्यसलाई अपनत्व लिन सके । विकास भनेको जनताका लागि जनताकै अपनत्व भएको एउटा त्यस्तो परिभाषा र सिद्धान्त हो, जहाँ जनता नै सर्वोपरि हुन्छन् र आफ्नो भविष्यको गोरेटो उनीहरूले कोर्न सक्छन् । ताकि तिनै गोरेटा देश विकासका लागि भविष्यका फराकिला राजमार्ग बन्न सकून् ।

## जेनजीको प्रदर्शनमा...

छ । घाइतेमध्ये छ जनाको शल्यक्रिया गर्नुपर्ने अस्पतालले जनाएको मन्त्रालयले उल्लेख गरेको छ । यसैगरी, नर्भिक अस्पतालमा तीन जनाको उपचार भइरहेको छ ।

मन्त्रालयले त्रिवि शिक्षण अस्पतालमा १८ जनाको उपचार भइरहेको र एक जनाको मृत्यु भइसकेको जनाएको छ । काठमाडौं उपत्यबाहिर गण्डकी मेडिकल कलेजमा एक जना, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जना, विराट मेडिकल कलेजमा चार जना, दमक अस्पतालमा सात जनाको उपचार भइरहेको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । यसैगरी, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जनाको मृत्यु भएको छ ।

## करेन्ट लागेर...

अस्पताल कोपवामा सामान्य उपचारपछि थप उपचारका लागि प्रादेशिक अस्पताल गौरमा ल्याउँदा चिकित्सकले इसिजी गर्दा मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिनुभयो । २०७९ सालको स्थानीय तहको निर्वाचनमा उहाँ नेकपा एसबाट निर्वाचित हुनुभएको थियो । कर्तव्य ज्यान मुद्दामा २०६८ सालमा जिल्ला अदालत गौरबाट सफाइ पाउनुभएको वडाध्यक्ष यादव निर्वाचित भएको चार पाँच महिनामै उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगन्जको आदेशले निलम्बनमा पर्नुभएको थियो । अहिले बौधीमाई नगरपालिका– ६ मा वडा सदस्य अर्जुन यादव र वडा  सदस्य उषा यादव पालैपालो ६/६ महिना कार्यबाहक वडाध्यक्षको रूपमा काम गरिरहनु भएको नगर प्रमुख प्रदीप यादवले जानकारी दिनुभयो ।

## मधेश प्रदेशका...

सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरण अनुसार सिराहाको १७ मध्ये तीन, सर्लाहीको २० मध्ये पाँच, रौतहटको १८ मध्ये पाँच, बाराको १६ मध्ये चार र पर्साको १४ मध्ये पाँच पालिकाले बजेट पेस नगरिएको हो ।

अहिलेसम्म बजेट ल्याउन नसकेका धनुषाको नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादवले राजनीतिक दलबिच सहमति जुट्नु नसकेका कारण नगर सभा नभएको बताउनुभयो । उहाँले भन्नुभयो नगर सभाको बैठक चार, पाँच पटक डाकियौं । तर बहुमत सदस्य सख्या एमालेको रहेकोले उहाँहरू सहभागी नहुँदा नगर सभा हुन नसकेको हो । सहमति जुटाउन हदैसम्मको प्रयास अहिले पनि चलिराखेको उहाँले बताउनुभयो । सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा स्थानीय तह (पालिका) ले प्रविष्ट नगरेको सूचीमा परेको एक मात्र उपमहानगरपालिका जनकपुरधाम उपहानगरपालिका प्रमुख मनोजकुमार साहले गत असार ३० गते नै बजेट पेस गरिसकेको दाबी गर्नुभयो ।

तर अहिलेसम्म मन्त्रालयको पोर्टलमा अपडेट नहुनुका कारण कर्मचारीसँग बुझ्छु । उपमहानगरपालिकाले असार १० गते नीति तथा कार्यक्रम र असार ३० गते बजेट पेस गरेको थियो । स्थानीय तहले तोकिएको समयमा बजेट ल्याउन नसक्दा सुशासनमाथि नै प्रश्न खडा भएको छ । बजेट नल्याएका स्थानीय तहको विकास निर्माणका टेन्डर प्रक्रिया, नियमित प्रशासनिक खर्च र स्थानीय स्तरमा दिइने सेवा प्रवाहमा असर पर्ने निश्चित देखिन्छ । पालिकाहरुका निर्वाचित जनप्रतिनिधिहरू बिचको अविश्वास र दलगत स्वार्थका कारण बजेट पेस नहुँदा यसको प्रत्यक्ष मार स्थानीय नागरिकमा परिरहेकोले नागरिकको सर्वोत्तम हितमा काम गर्न जनप्रतिनिधि अगाडि बढ्नुको विकल्प छैन ।

# गोली प्रहार गरेको अभियोगमा एक पक्राउ

वीरगञ्ज, २३ भदौ । सशस्त्र प्रहरी बल नेपाल पर्साले महिलालाई गोली हानेको अभियोगमा एक भारतीय नागरिकलाई आज पक्राउ गरेको छ । भारतको झारखण्ड जिल्ला पाकुड मानपहाडी ग्राम पञ्चायतका २८ वर्षे प्रदीप शर्माले मादक पदार्थ सेवन गरी आज दिउँसो वीरगञ्ज महानगर–१६ स्थित भन्सारगेटनजिक मुस्कान होटलमा कार्यरत भारतको बेतिया घर भई वीरगञ्जमा बसोबास गर्ने १८ वर्षीया निशाकुमारी सहनीलाई गोली प्रहार

**–बाँकी चार पेजमा**

# दुई उत्कृष्ट विद्यार्थीलाई अमरनाथ झा स्मृति पुरस्कार

**विनय कर्ण**

सप्तरी, २३ भदौ । सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका दुई जना उत्कृष्ट विद्यार्थीलाई अमरनाथ झा स्मृति पुरस्कार–२०८२ प्रदान गरिएको छ । अमरनाथ झा मेमोरियल ट्रष्टले दिवङ्गत प्रधानाध्यापक झाको दोस्रो स्मृतिमा सोमबार आयोजना गरेको कार्यक्रममा गत वर्षको एसईईमा उत्कृष्ट अङ्क ल्याउने तिलाठी कोईलाडीका एक छात्र र एक छात्रालाई नगदसहित पुरस्कृत गरिएको हो ।

पुरस्कार पाउने विद्यार्थीमा पब्लिक माध्यमिक विद्यालय लौनियाँ तिलाठीकी छात्रा पल्लवी ठाकुर र जनता माध्यमिक विद्यालय तोपाका छात्र ओमनारायण यादव रहनु भएको छ । उहाँ दुवै जना एसईई २०८१ मा यस गाउँपालिकाबाट सबैभन्दा बढी ल्याउने छात्रछात्रा हुन् । कार्यक्रममा प्रमुख अतिथि तिलाठी कोईलाडी गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डल र विशिष्ठ अतिथि समाजसेवी इन्जिनियर शैलेन्द्रमोहन झाले उहाँहरुलाई जनही २५ हजार पाँचसय रुपैयाँ सहित प्रमाणपत्र प्रदान गर्नुभयो ।

पुस्तक वितरण कार्यक्रममा दिवङ्गत प्रधानाध्यापक अमरनाथ झा प्रति श्रद्धासुमन अर्पण गर्नुहुँदै अध्यक्ष मंडलले शिक्षाको विकास प्रति सबै जनप्रतिनिधि गम्भिर रहेको बताउनुभयो । पालिकाभित्रका १७ वटै विद्यालयमा अहिले जनशक्ति र पूर्वाधारको अभाव नरहेको भन्दै आउने दिनमा राम्रो नतिजा आउने विश्वास व्यक्त गर्नुभयो । यसअघि विद्यालयहरुमा भौतिक पुर्वाधार र शिक्षकको आभाव थियो, अहिले छैन“, उहाँले भन्नुभयो, “राम्रो नतिजाका लागि अभिभावकहरुले नियमित विद्यार्थीलाई विद्यालय पठाएर सहयोग गर्नु आवश्यक छ ।“ ट्रष्टका अध्यक्ष अध्यक्षता राजिव झाको अध्यक्षतामा आयोजित पुरस्कार वितरण कार्यक्रममा जसपा केन्द्रिय सदस्य डा बबी सिंह यादव, तिलाठी कोईलाडी गाउँपालिका वडा १ का अध्यक्ष दिनेश्वर मिश्र, वडा नम्बर २ का वडाअध्यक्ष कमल मण्डल पुरस्कार छनोट समिति संयोजक दयाकान्त झा, सदस्य निरज मुक्ति, सल्लाहकार शम्भु झा, लगायतकाले दिवंगत प्रधानाध्यापक झा को शैक्षिक र सामाजिक योगदानबारे चर्चा गर्नुभयो ।

# मधेशमा कांग्रेसले माग्यो सरकारको नेतृत्व !

जनकपुर, २३ भदौ । केही दिन अघि सार्वजनिक रुपमै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेश सरकारको नेतृत्व आफूले पाउनुपर्ने अभिव्यक्ति दिएपछि पुनः मधेश प्रदेशमा सरकार परिवर्तनबारे चर्चा चुलिएको छ । केही महिनादेखि प्रदेश सरकारको नेतृत्वका लागि ठूला दलदेखि साना दलसमेतले दाबी गर्दै आएका थिए । तर सबै दलमा मुख्यमन्त्री पदका लागि पनि विवाद देखिएपछि केन्द्रीय नेतृत्व तहले पनि सरकार परिवर्तनको विषयको औचित्यबारे मौन रहेपछि जनमत पार्टी नेतृत्वको सरकारले नै अहिलेसम्म निरन्तरता पाएको छ ।

एक वर्षसम्मको अवधि जनमतले पाए पनि सो अवधिभन्दा दुई महिना बढी समयदेखि सरकारको नेतृत्व गरि नै रहेको बेला मधेश प्रदेश सरकारको नेतृत्वका लागि नेपाली कांग्रेसले फेरि दबाब सृजना गर्न थालेको छ । विगतमा केन्द्रीय तहमा भएको सहमति अनुसार प्रदेश सरकारको नेतृत्व परिवर्तनका सवाललाई लिएर आइतबार बसेको कांग्रेस मधेश प्रदेश संसदीय दलको बैठकबाट सभापति शेरबहादुर देउवासंग सो सहमति कार्यान्वयनका लागि ध्यानाकर्षणसहित दबाब दिने भएको छ ।

प्रदेशसभामा प्रतिपक्षी दलहरुले अर्थमन्त्री सुनिलकुमार यादवको राजीनामाको माग राख्दै बैठक अवरुद्ध गरेपछि अनिश्चितकालका लागि प्रदेशसभाको अधिवेशन स्थगित रहेको छ । यस्तो अवस्थामा जनमत र नेकपा एमालेले पनि कांग्रेसमाथि दबाब बनाउन थालेपछि कांग्रेसले अर्थमन्त्री यादवलाई फिर्ता बोलाउने की सबै मन्त्रीलाई फिर्ता बोलाउने वा मधेश प्रदेश सरकारमाथिको नेतृत्वका लागि नै पहल थाल्ने भन्दै गम्भीर छलफल पछि कांग्रेसका प्रदेश सांसदहरु यस अन्योलतालाई चिर्नका लागि सभापति शेरबहादुर देउवासमक्ष परामर्श गर्ने भएका छन् ।

सो बैठकमा पूर्वसहमति अनुसार एक वर्षपछि जनमत पार्टीले कांग्रेसलाई सरकारको नेतृत्व दिनुपर्ने थियो । तर जनमतले सरकार छोड्न नमानेपछि कांग्रेस नेताहरू सभापति देउवालाई सहमति कार्यान्वयनका लागि पहल गर्न बुधबार भेटघाटका लागि समय तय भएको संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले जानकारी दिए । जनमत नेतृत्वको सरकार परिवर्तनका लागि कांग्रेसले आफ्ना चारजना मन्त्रीलाई फिर्ता बोलाउनुपर्ने भन्दै कांग्रेसका प्रदेशस्तरीय नेताहरुले माग समेत गरेका छन् । प्रतिपक्षी दलहरुले प्रदेशसभा बैठक अवरुद्ध गर्दै आएपछि अर्थमन्त्री यादवकै कारण पार्टीको छवि धुमिल हुँदै गएको भन्दै कांग्रेसभित्र पनि उनको राजीनामाको मागसहित असन्तुष्टि बढेका कारण पनि मन्त्रिपरिषद्बाट तत्काल मन्त्रीहरुलाई फिर्ता बोलाउनका लागि आवाज उठ्न थालेको छ ।

हाल मधेश प्रदेश सरकारमा नेपाली कांग्रेसबाट भूमि व्यवस्था तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्री, ऊर्जा, खानेपानी तथा सरसफाइमन्त्री शेषनारायण यादव, श्रम तथा यातायातमन्त्री कौशल किशोर यादव र अर्थमन्त्री सुनिलकुमार यादव रहेका छन् । प्रदेशसभामा कांग्रेसका २२ जना सांसद छन् ।

# हैजा नियन्त्रणका लागि प्यारामेडिक चिकित्सक खटाइयो

वीरगञ्ज, २३ भदौ । पर्साको वीरगञ्जमा देखापरेको हैजा संक्रमण नियन्त्रण र प्रभावित स्थानीयवासीको उपचारलाई थप प्रभावकारी बनाउन नारायणी अस्पतालमा नेपाली सेनाको श्रीजंग गणबाट प्यारामेडिक चिकित्सकहरू खटिरहेका छन् । गणबाट चारजना प्यारामेडिक चिकित्सक बिहीबारदेखि अस्पतालमा खटिएका छन् । गणका प्रमुख कर्णेल लोकेन्द्र कार्कीका अनुसार हाल हैजाको कारण सिर्जित आपतकालीन स्वास्थ्य चुनौतीलाई मध्यनजर गर्दै तत्काललाई चिकित्सक टोली पठाइएको छ ।



अस्पताल प्रशासनबाट रातको समयमा खटिने स्वास्थ्यकर्मीको अभाव रहेको जानकारी पाएपछि सेनाले आफ्नो टोली पठाएको उनले बताए । सेनाको सहकार्यबाट जिल्लामा हैजा नियन्त्रणमा महत्त्वपूर्ण टेवा पुग्ने उनले विश्वास व्यक्त गरे । सेनाको चिकित्सक टोलीले अस्पतालमा उपचाररत बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा उपलब्ध गराउने उनले दाबी गरे । आवश्यक परेको खण्डमा १५ देखि २० जनाको चिकित्सकसहितको टोली तयारी अवस्था रहेको कार्कीले बताए । हाल नारायणी अस्पतालमा हैजाका कारण प्रभावित बिरामीहरूको उपचार भइरहेको छ ।

स्वास्थ्यकर्मीहरूले सुरक्षित खानेपानी, सरसफाइमा ध्यान दिने र आवश्यक सतर्कता अपनाउन स्थानीयलाई आग्रह गरेका छन् । यसअघि पनि प्राकृतिक विपत्ति वा आकस्मिक परि स्थितिमा नेपाली सेनाले उपचार, उद्धार तथा राहतमा अग्रसर भई स्थानीय समुदायलाई सहयोग गर्दै आएको उनको भनाइ छ ।

# विराटनगरमा टिपरको ठक्करबाट १ जनाको मृत्यु

विराटनगर, २३ भदौ । विराटनगरमा टिपरको ठक्करबाट एक जनाको मृत्यु भएको छ । दुर्घटनालगत्तै आक्रोशित भिडले टिपरमा आगजनी गरेका छन् । सोमबार साँझ विराटनगर महानगरपालिका–२ तीनपैनीमामा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको प्रदेश १–०२–००१ क ४५१४ नम्बरको टिपरले सोही दिशातर्फ जाँदै गरेको को २७ प ८५३४ नम्बरको स्कुटरलाई पछाडिबाट ठक्कर दिएको थियो ।

ठक्करबाट स्कुटर चालक मोरङको कटहरी गाउँपालिका–१ जमकोटीका ७६ वर्षीय सुदीशनारायण झाको घटनास्थलमै



मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङले जनाएको छ । दुर्घटनापछि आक्रोशित भिडले टिपरमा आगो लगाइदिएका हुन् । टिपर चालक मोरङको ग्रामथान गाउँपालिका–७ का ३१ वर्षीय सजन चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## *गोली प्रहार...*

गरेको अभियोगमा पक्राउ गरेको हो । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी सुरज कार्कीले होटलमा कार्यरत भारतीय महिलाको बायाँ गालामा गोली प्रहार गर्ने शर्मालाई कर्कलोघारीमा लुकिरहेको अवस्थामा पक्राउ गरेको जानकारी दिनुभयो । “महिलाको बायाँ गालामा गोली प्रहार गरी फरार भएका शर्मालाई सोही होटलको पूर्व–दक्षिणतर्फ करिब २०० मिटर टाढाको कर्कलोघारीमा लुकिरहेको अवस्थामा अभियुक्त शर्माको साथबाट लोड गरिएको एक थान कट्टुवा पेस्तोलसहित नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि वडा प्रहरी कार्यालय बिर्तामा पठाइएको छ” उहाँले भन्नुभयो ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)